## मिति २०७८/०६/०६गते बुधबार १११ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. कोरोना रकम भुक्तानी सम्बन्धमा ।

२. लागत सहभागिताको सूचना सम्बन्धमा ।

३. दररेट सम्बन्धमा ।

४. गाडी खरिद सम्बन्धमा ।

५. रा.१ ग. ११ नं. गाडीको लागि इन्धन बुझेको सम्बन्धमा गठित छानविन समितिको प्रतिवेदन सम्बन्धमा।

६. भवन निर्माण समितिको दर्ता सम्बन्धमा ।

७. जिल्ला स्तरीय हप्किदो संघलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

८. आर्थिक सहयोग सम्बन्धमा ।

९. ग्राभेल सडक मर्मत सम्बन्धमा ।

१०. कल्पु धर्मशाला सञ्चालन अनुमति सम्बन्धमा ।

११. बजेट व्यवस्था सम्बन्धमा ।

१२. राजश्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१३. सरसफाई, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१४. स्वास्थ्य लाभको कामना सम्बन्धमा ।

**निर्णय नं.१**

कोरोनाको कारणबाट मृत्यु भएका घोराही उपमहानगरपालिकामा स्थायी बसोबास भएका परिवारलाई प्रति मृतक रु. ५०,०००।–(पचास हजार) राहत उपलब्ध गराउन आ.व. ०७८/०७९मा बजेट विनियोजन भए बमोजिम राहत प्राप्त गर्ने प्रयोजनका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न गरी आवेदन माग गर्ने ।

**तपसिल**

१. कोभिड पोजेटिभ भएको र कोभिडको कारण मृत्यु भएको भनि स्वास्थ्य संस्थाबाट पुष्टी भएको प्रमाण ।
२. सम्बन्धीत वडा कार्यालयबाट नजिकको हकवाला समेत खुलाई मृतक घोराही उपमहानगरपालिकाको स्थायी बासिन्दा भएको र अन्यत्र बसाइ सराई गरी नगएको भनि किटानी साथ रकम भुक्तानीको लागि गरीएको सिफारिस ।
३. मृत्यु दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
४. नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
६. नाबालकको हकमा
   - **i.** जन्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
   - **ii.** अभिभावकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
७. नेपाली नागरिकताको प्रमाणपत्रबाट स्थायी बासिन्दा नखुलेमा देहायका कागजात समेत पेश गर्नुपर्नेछ ।
   - i. घोराही उपमहानगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको मतदाता परिचयपत्र (नाबालकको हकमाः जन्मदर्ताको प्रमाणित प्रतिलिपि र अभिभावकको मतदाता परिचयपत्र)।
   - ii. बसाई सराई प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (मृत्यु हुनुभन्दा अगाडीको भए मात्र मान्य हुने)

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाबाट चालु आ.व २०७८/०७९ मा लागत सहभागिताबाट संचालन हुने आयोजनाहरु छनौट गर्न उपभोक्ताहरुको जानकारीको लागि १५ दिने सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्ने व्यवस्था अनुरुप आ.व. २०७८/०७९ का लागि घोराही उपमहानगरपालिका समेतको संलग्नता रहेको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरे बमोजिमको दररेट कायम गर्ने । नदिजन्य पदार्थ (ग्राभेल)को हकमा प्रदेश सरकारले कायम गरेको दररेट कायम गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन कार्यको लागि अत्यावश्यक १ वटा गाडी खरिद गर्ने भनि मिति २०७८।०१।२४ गते बसेको कार्यपालिकाको १०४औं बैठकको निर्णय अनुसार गाडी खरिद प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखा मातहत प्रयोग हुने गाडी मध्य गाडी नं. रा.१ग. ११ नम्बरको गाडी २०७७ साल साउन महिनामा बिग्रिएर सञ्चालनमा नआएको तर सोही अवधिमा गाडी चालक समेत दुई जनाले इन्धन बुझेको सम्बन्धमा मिति २०७७।०६।०८ गते बसेको ९० औं कार्यपालिका बैठकको निर्णयानुसार सत्यतथ्य छानविन गर्न सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री शक्तिराम डाँगीज्यूको संयोजकत्वमा गठित समितिले मिति २०७७ पुष १९ गते पेश गरेको प्रतिवेदनमा ईन्धन प्रयोग सम्बन्धमा चुहावट भएको निश्कर्ष सहित प्रतिवेदन पेश गरेको हुँदा प्रतिवेदनको निष्कर्षका आधारमा सोही अवधीमा (२०७७ असार र २०७७ भदौ) भुक्तानी भएका ईन्धनको लगबुक र अर्धकट्टी अनुसारको विवरण तयार गरि पेश गर्न आन्तरिक व्यवस्थापन तथा खरिद शाखाका प्रमुख उमेश शर्मा र नारायण पौडेललाई आदेश गरिएकोमा उहाँहरुले सो अवधीमा ईन्धन भुक्तानीका लागि काटीएका अर्धकट्टी र लगबुक समेतको विस्तृत अध्ययन गरी इन्धन माग गरिएको मिति, ईन्धन बुझ्ने व्यक्ति/संस्था, गाडी नं., कुपन नं., ईन्धनको प्रकार, परिमाण समेत विस्तृत विवरण तयार गरी मिति २०७७ फागुन २ गते पेश गर्नु भएको प्रतिवेदनमा भुक्तानी भएको रकम बराबरकै लगबुक र अर्धकट्टी ठीक दुरुस्त देखिएकोले प्रत्यक्षतः दुरुपयोग भएको अवस्था नदेखिएको तर सो अवधीमा कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रयोग हुने सवारी साधनमा खपत हुने ईन्धनमा अन्य शाखाबाट समेत कुपन काटीएको, सरसफाई व्यवस्थापन शाखा मातहत प्रयोग हुने सवारी साधनमा गाडी चालकले आवश्यकता भन्दा बढी ईन्धन माग गर्ने गरेको, आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट गाडी चालकले अर्धकट्टी कुपन बुझिसकेपछि लगबुक सच्चाउने, अंक केरमेट गर्ने, एक प्रकारको ईन्धन माग गरी त्यसमा थप ईन्धन र गाडी ईन्जिनमा प्रयोग हुने अन्य पदार्थ समेत थप गरी भर्ने गरेको पाइएकोले देखिएका कमी कमजोरी सुधार गर्नुपर्ने सुझाव सहित विस्तृत प्रतिवेदन पेश गरेकोले आगामी दिनमा सुझाव अनुसार कार्यान्वयन गर्न आन्तरिक व्यवस्थापन तथा खरिद शाखा र सरसफाई व्यवस्थापन शाखालाई निर्देशन दिने ।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र भवन निर्माण व्यवसायीहरुले यस उपमहानगरपालिका क्षेत्रभित्र उपमहानगरपालिकाको भवन निर्माण आचार संहिताको पालना गर्दै आइरहेकोमा केही निर्माण व्यवसायीहरुले नियम विपरित कार्य गर्दै आएको पाइएकोले त्यस खालको प्रवृत्तिलाई निरुत्साहित गर्न भवन निर्माण समिति गठन गरी सबै निर्माण व्यवसायीहरुलाई उक्त समिति भित्र दर्ता गराई भवन निर्माणमा एकरुपता प्रदान गर्ने उद्देश्यले भवन निर्माण व्यवसायी समिति दर्ता प्रकृयाका लागि १८ नं. वडा कार्यालयको सिफारिस साथ अनुरोध भई आएकोले समिति दर्ताका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ७**

घोराही उपमहागरपालिका वडा नं. १७ स्थित सहयोगी टोल विकास संस्था भित्र पर्ने पूर्वमा चौघेरा ढिकपुर पक्की बाटो, पश्चिममा कच्ची बाटो, उत्तरमा कच्ची बाटो भएको तिनकुने करिब १३ कट्ठा ऐलानी जग्गा (हाल सहयोगी टोल विकास संस्थाको संरक्षणमा रहेको) सहयोगी टोल विकास संस्थाकै संरक्षणमा रहनेगरी जिल्ला स्तरीय हप्किडो संघलाई कवर्ड हल निर्माणका लागि जग्गा उपलब्ध गराउने भनि मिति २०७८।४।२१ गते बसेको सहयोगी टोल विकास संस्थाको बैठकले निर्णय गरेको साथै घोराही उपमहानगरपालिका १७ नं. वडा कार्यालयको च.नं. ३८६, मिति २०७८।०४।२५ गतेको सिफारिस समेत प्राप्त भएकोले उक्त जग्गा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति २०७१ बमोजिम उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकामा तपसिल बमोजिमका व्यक्ति तथा संघ संस्थाहरुबाट आर्थिक सहयोग माग भई आएकोले तपसिल अनुसारको खर्च शीर्षकबाट आर्थिक सहयोग गर्ने ।

| सि.नं. | व्यक्ति/संघं/संस्था/कार्यक्रम | सहयोग रकम रु. | भुक्तानी शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | रासी अञ्चल डेलिभरी सेवा वितरक संघ | १,००,०००।- | अन्य संस्था सहायता | |
| २ | जिल्ला प्रहरी कार्यालय | १,००,०००।- | अन्य संस्था सहायता | |
| ३ | विज्ञान शिक्षक समाज | १०,०००।- | अन्य संस्था सहायता | |
| ४ | दंगि महाकाव्य प्रकाशन | ५०,०००।- | विविध खर्च | |
| ५ | न्यू स्टार फुटबल एकेडेमी नारायणपुर | ३५,०००।- | अन्य संस्था सहायता | |
| ६ | प्राज्ञिक विद्यार्थी परिषद नेपाल, घोराही नगर इकाई समिति दाङ | २५,०००।- | अन्य संस्था सहायता | |
| ७ | श्री सामुदायिक वन उपभोक्ता महासंघ नेपाल तुल्सीपुर दाङ | ७५,०००।- | अन्य संस्था सहायता | |
| ८ | इन्द्रा कुमारी राना (औषधी उपचार खर्च) | २५,०००।- | विविध खर्च | |
| ९ | गोर्खा टोल विकास संस्था (वडा नं. १५) | ५०,०००।- | धार्मिक तथा साँस्कृतिक संस्था सहायता | शिव मन्दिर निर्माणका लागि |
| १० | संदेश टोल विकास संस्था (वडा नं. ११) | ५००००।- | धार्मिक तथा साँस्कृतिक संस्था सहायता | शिव मन्दिर निर्माणका लागि |
| ११ | रतनपुर टोल विकास संस्था (वडा नं. १५) | ५००००।- | अन्य संस्था सहायता | भवन गेट निर्माण तथा तारबार गर्ने |

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका भित्रपर्ने ग्राभेल सडकहरु वर्षाको कारण खाल्टा खुल्टी परी सवारी साधन आवागमन तथा पैदल यात्रामा समेत कठिनाई भएकोले उक्त सडकहरु मर्मतका लागि आवश्यक ग्राभेल आ.व. २०७७/०७८ मा आई.ई.ई. भई नदिजन्य पदार्थ निकाल्न बाँकी रहेका स्थानबाट निकाल्ने र सम्बन्धीत वडाबाट इन्धन खर्च व्यहोर्ने गरी उपमहानगरपालिकाबाट जेसिवि, रोलर उपलब्ध गराउने ।

**निर्णय नं. १०**

श्री कसौधन विरादरी सेवा समाज दाङ्गले मिति २०७८।५।२३ गते कल्पु धर्मशाला समेत सञ्चालनको लागि अनुमति पाउँ भनी घोराही उपमहानगरपालिकामा पेश गरेको निवेदन साथ संलग्न कागजात हेर्दा कल्पु कर्मशाला समेत(वडा नं. १४) राम जानकी मन्दिर वडा नं. १५ शिव मन्दिर वडा नं. १४ र शिव सन्तोषी माता मन्दिर वडा नं. १४ समेतको हेरचाह रेखदेख संरक्षण सहित हरिकृतन भजन संचालन र व्यवस्थापन गर्ने जिम्मा श्री कसौधन विरादरी सेवा समाजले गर्ने गरी दाता (कल्पु वानिया)ले मिति २०२१ माघ ११ गते इच्छापत्र प्रदान गरेको र सो सम्बन्धमा कल्पु धर्मशाला समेतको संचालन व्यवस्थापनको जिम्मा कसौधन विरादरी सेवा समाजको रहने गरी तल्कालिन समयमा विभिन्न संस्थागत निर्णय ( जिल्ला प्रशासन कार्यालय मिति २०५२।३।२१ द.नं. १२५/०५१/०५२ स्थानीय विकास मन्त्रालय नगरपालिका व्यवस्थापन शाखा प.सं. ४७/२०६६/०६७ मिति २०६६।४।११) समेत भएको देखिएकाले उपर्युक्त सबै संस्थाहरु नगरस्तरीय संस्थाको रुपमा नगरपालिका मातहत रहने गरी संचालनको अनुमति कसौधन विरादरी सेवा समाज दाङ्गलाई दिने।

**निर्णय नं. ११**

११.१ घोराही उपमहानगरपालिका वडा नं. २ स्थित श्री गौरी बबै प्रा.वि. निमुरिया दाङको फिल्ड मर्मत, चौतारा र नाला निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिदिनुहुन भनि २ नं. वडा कार्यालयको च.नं. ४६३ मिति २०७८।५।३० गतेको सिफारिस साथ अनुरोध भई आएकोले विद्यालयलाई विद्यालयको कम्पाउण्ड तारबार गर्नका लागि रकम रु. १,००,०००।– (एक लाख) घोराही उपमहानगरपालिकाको शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट उपलब्ध गराउने ।

११.२ घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित जुरुट्टे र गरुवागाउँ खानेपानी अन्तर्गत विगतमा खानेपानी विस्तार गर्ने क्रममा जुरुट्टे र गरुवागाउँमा पाइप अपुग भई धारा वितरण गर्न नसकिएकोले उक्त स्थानमा खानेपानी आपूर्तिका लागि आवश्यक बजेटको व्यवस्थापन गरिदिनुहुन भनि प्राविधिक इष्टिमेट सहित १६ नं. वडा कार्यालयको च.नं. ११८२ मिति २०७८।६।५ गतेको सिफारिस प्राप्त भएकोले उक्त स्थानमा प्राविधिक इष्टिमेट अनुसारको रकम रु.३,२५,०००।– (तिन लाख पच्चिस हजार) घोराही उपमहानगरपालिकाको विविध खर्च शीर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. १२**

घोराही उपमहानगरपालिका अन्तर्गत राजश्व परामर्श समितिको मिति २०७८।०५।३० गते बसेको बैठकको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

**१२.१** घोराही उपमहानगरपालिकाले बनाएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम सबै प्रक्रिया र कागजातहरु पुरा गरे नगरेको हेरी विशोसन निर्माण सेवा घोराही ४ का प्रो. विपिन के.सी.लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने ।

**१२.२** घोराही उपमहानगरपालिका अन्तर्गत संचालनमा रहेका व्यापारिक प्रयोजनका सटर तथा स्टलहरुको भाडा सम्बन्धमा व्यवसायीहरुले दोस्रो चरणको कोभिड १९ को महामारीका कारण व्यापार व्यवसायमा असर परेकोले लकडाउनको अवधिभरको भाडा छुट गरिदिनुहुन भनि मिति २०७८।०३।२० गते निवेदन दिएकोमा व्यवसायीहरुलाई गत आ.व. २०७७/०७८ मा २ महिनाको भाडा छुट गर्ने ।

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिकाको सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७८।०५।०१ गते बसेको बैठकका देहाय अनुसारका निर्णय अनुमोदन गर्ने ।

**१३.१** घोराही उपमहानगरपालिकाको वडा नं. ७को च.नं. ८२ मिति २०७८।०४।१२को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.७ सिसनिया टोल जलम कुमारी चौधरीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू.३००००।-तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.२** घोराही उपमहानगरपालिकाको वडा नं. १को च.नं. ११३ मिति २०७८।०४।३२को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं. १ सिमलतारा निवासी बिर बहादुर बिष्टका भाई लाल बहादुर बिष्टको मिति २०७८/०४/०६ गतेका दिन गबरे सोता ड्याममा डुवेर मृत्यु भएकाले निजको परिवारलाइ नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. २५०००।-पच्चीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.३** घोराही उपमहानगरपालिकाको वडा नं. ११को च.नं.३२९ मिति २०७८।०४।३२ को प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा वडा नं. ११वस्ने शान्ती सुनारको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू.३००००।-तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.४** घोराही उपमहानगरपालिकाको वडा नं. १७को च.नं.५०१ मिति २०७८।०४।३२ को प्राप्त सिफारिस पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा वडा नं. १७ वस्ने कृष्ण भुसालको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू.३००००।-तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.५** घोराही उपमहानगरपालिकाको वडा नं. १को च.नं. १८७७ मिति २०७८।०१।१० गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१ निवासी बुद्दिराम कामीको कच्चीघर विद्युत सर्ट भै आगलागी भएकाले निजलाई नगर स्तरिय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००।-तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने।

**१३.६** घोराही उपमहानगरपालिकाको वडा नं. १९को वडा कार्यालको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१९ निवासी दामोदर वस्नेतको कच्चीघर आगलागी भै क्षति भएकाले निजलाई नगर स्तरिय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००।-तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.७** घोराही उपमहानगरपालिकाको वडा नं. १४को च.नं. ३०२ मिति २०७८।०५।०१ गतेको प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१४ निवासी हिमला चन्दको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००।-तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.८** घोराही उपमहानगरपालिकाको वडा नं. १४को च.नं. ७७ मिति २०७८।०४।१० गतेको प्राप्त सिफारिस-पत्र आधारमा यस उप-महानगरपालिका वडा नं.१४ निवासी यामु वलीको पती ईन्द्रजित वलीको मिति २०७७/०३/२५ गतेका दिन सेवार खोलामा नुहाउने क्रममा मृत्यु भएकाले मृतकको परिवारलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू.२५०००।-पच्चीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.९** घोराही उपमहानगरपालिकाको वडा नं. १२को च.नं. ८५ मिति २०७८।०४।१०को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका अधारमा यस उप-महानगरपालिका वडा नं. १२ कात्तिके निवासी सुकदेव वस्नेतको घर वर्षातका कारणले क्षेती भएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.१०** घोराही उपमहानगरपालिकाको वडा नं. १२को च.नं. ११६ मिति २०७८।०४।१३को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका अधारमा यसै उप-महानगरपालिका वडा नं.१२ टिकरीटोल निवासी गोठे कामीको घर वर्षातका कारणले क्षेती भएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.११** घोराही उपमहानगरपालिकाको वडा नं. १५को च.नं.६९५ मिति २०७८।०४।३१को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१५ समावेसी टोल निवासी रामप्यारी चौधरीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। (तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.१२** घोराही उपमहानगरपालिकाको वडा नं. ४को च.नं.३३४६ मिति २०७८।०३।२७को प्राप्त सिफारिसपत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उपमहानगरपालिका वडा नं. ४ निवासी राम प्रसाद चौधरीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। (तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.१३** घोराही उपमहानगरपालिकाको वडा नं. ४को च.नं.३०१मिति २०७८।०४।२६को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.४ निवासी कृष्ण प्रसाद पौडेलको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउन नगर कार्यपालिका समक्ष अनुरोध गर्ने ।

**१३.१४** घोराही उपमहानगरपालिकाको वडा नं. २को च.नं.२५८ मिति २०७८।०४।३२को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.२ रामपुर निवासी खिम बहादुर पाण्डेको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.१५** घोराही उपमहानगरपालिकाको वडा नं. १९को च.नं. ४८ मिति २०७८।०४।१७को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं. १९ चन्द्रसूर्य टोल निवासी ईन्द्र वहादुर खड्काको श्रीमती हुमाकुमारी दसौदी खडकाको मिति २०७८/०३/३० गतेका दिन आरङखोला तर्ने क्रममा मृत्यु भएकाले निजको परिवारलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. २५०००।-पच्चीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.१६** घोराही उपमहानगरपालिकाको वडा नं. ४को च.नं. ३३६३ मिति २०७८।०३।२९ को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उप-महानगरपालिका वडा नं.४ वि.पि.मार्ग देखी तल्लो भकारे हुदै मा.वि.डाँडागाउँ जोड्ने सडकखण्ड वर्षाका कारणले कटान भएकाले मर्मतका लागी रु.१६००००।- अक्षरेपी एकलाख साठी हजार मात्र_ बरावरको लागत अनुमान तयार पारी नगर स्तरी स्थानीय विपद् व्यवस्थापन कोषबाटराहत उपलब्ध गराउने ।

**१३.१७** घोराही उपमहानगरपालिकाको वडा नं. ९को च.नं.४११४ मिति २०७८।०३।१७को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.९ पर्सेनी निवासी मुरली खातुनको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.१८** घोराही उपमहानगरपालिकाको वडा नं. ९को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यसै उप-महानगरपालिका वडा नं.९ तेघरा सिंचाइ नहर वर्षाका कारणले क्षती भएकाले ६ इन्चि ६ के.जि. प्रेसरको आवश्यक सिंचाइ पाइप खरिद गरि नगर स्तरिय स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च हुनेगिर राहत उपलब्ध गराउने ।

**१३.१९** घोराही उपमहानगरपालिकाको वडा नं. ५को च.नं. २११ मिति २०७८।०४।३१को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं. ५ निवासी यज्ञ बहादुर बस्नेतको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.२०** घोराही उपमहानगरपालिकाको वडा नं. ३को च.नं.२७१ मिति २०७८।०४।३१ को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं. ३ निवासी गोपिलाल चौधरीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**१३.२१** घोराही उपमहानगरपालिकाको वडा नं. १२को च.नं.१४७ मिति २०७८।०४।१७को प्राप्त सिफारिस-पत्र तथा प्रहरी मुचुल्का समेतका आधारमा यस उप-महानगरपालिका वडा नं.१२ निवासी सवरे कामीको कच्चीघर वर्षाले क्षति पुर्याएकाले निजलाई नगर स्तरिय स्थानीय विपद ब्यवस्थापन कोषबाट खर्च हुनेगरी रू. ३००००। -तीस हजार मात्र_ नगद राहत उपलब्ध गराउने ।

**निर्णय नं. १४**

घोराही उपमहानगरपालिका वडा नं. १४ का वडा अध्यक्ष श्री शक्तिराम डाँगीज्यू कोभिड १९ बाट संक्रमित हुनु भएकोमा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गरियो ।